# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल।


मितिः २०७६/०१/०४

## प्रेस-विज्ञप्ति

विगत केही समय यता सारथी न्यूज अनलाइनमा यस कार्यालय तथा यसका जिम्मेवार पदाधिकारी र कर्मचारीलाई लक्षित गरी अनर्गल समाचार प्रकाशनमा आएको प्रति हामी अत्यन्त संवेदनशिल भएका छौ । यसवाट कुश्मा नगरपालिकाको सिंगो परिवार प्रति कुनै किसिमको भ्रम नपरोस भनी स्पष्ट पार्न चाहन्छौ । नगरपालिकामा अपारदर्शी रुपमा र मनोमानी किसिमले कुनै पनि कार्यहरु नभएका । गत असार १० मा शुरु भई असार १३ मा सम्पन्न नगर सभाले पास गरेका योजनाहरु नै नियमानुसार कार्यान्वयनमा लगिएको छ । कानुनत रु. १ करोड सम्मका योजनाहरु उपभोक्ता समितिवाट गर्न सकिने भएतापनि कतिपय योजना तथा कार्यक्रमहरु ठेक्का पट्टा वाट समेत कार्यान्वयनमा लगिएको अवस्था छ । उक्त योजनाहरु नगर कार्यपालिकाको वैठकवाट आम सहमतिमा निर्णय भई सभावाट पारित गराई कार्यान्वयनमा लगिएको छ ।

लक्षित तर्फ छुट्टै विनियोजित रकम निश्चित कार्यक्रमहरुमा वाँडफाँड गरि सिफारिस गर्न गत आ.व. को हकमा उपप्रमूखको संयोजकत्वमा २ जना वडा अध्यक्षहरु (महिला) सहित समावेशी कोटावाट निर्वाचित सम्पूर्ण कार्यपालिकाका सदस्यहरुलाई जिम्मा दिएको भएता पनि यस आ.व.मा त्यस्तो निर्णय नभएको । लक्षित तर्फको कार्यक्रम ल्याउन पटक पटक अनुरोध गरिरहँदा पनि नआएपछी योजना किताव पनि ढिला गरि तयार गरिएको र त्यो पनि उक्त वजेट वाँडफाँड नगरि नै ल्याउन परेको तितो यथार्थताले गर्दा गत वैसाख २ गतेको सभामा सहमतिमै लक्षित वर्ग भित्रका सदस्यहरुको समिति वनाई जिम्मा दिने निर्णय भएको हो ।

एउटा जिम्मेवार पदाधिकारीले विना आधार नगरसभा वहिस्कार गर्नु र सभा सकिइसकेपछी सभाहल भित्र प्रवेश गरि नोट अफ डिसेन्ट लेख्नु कति सम्म गैर जिम्मेवारी हो भन्ने कुरामा थप केही भनीरहनु नपर्ला । कुश्मा नगरपालिकामा आज सम्म कुनै पनि निर्णय अल्पमत/वहुमतवाट नभई सर्वसहमत भएको अवस्था हो । योजना कसैले वोल्दैमा आउने नभई योजना तर्जुमाको निश्चित विधि, पद्दती हुन्छ । त्यसलाई पालना गर्दै अन्त्यमा सभाले निर्णय गरे वमोजिम हुन्छ र आकस्मिक रुपमा गर्नुपरेका कार्यहरु सम्वन्धित वडा अध्यक्षहरु समेतको सहमतिमा प्राविधिक दृष्टी र कामको अर्जेन्सीका आधारमा निर्णय गरी कार्यान्वयनमा ल्याउने गरिएको छ ।

साँघुरो भाडाको घरमा रहेर कर्मचारीहरुले जुन जिम्मेवारी वोधका साथ आफ्नो जिम्मेवारी सम्पादन गरीरहेका छन त्यसमा कर्मचारी साथीहरु धन्यवादका पात्र हुनुहुन्छ । सकभर सरकारी भवनमै कार्यालय ब्यवस्थापन गर्ने


फोन नं. : ०६७-४२०१४१, वेबसाइटः www.kushmamun.gov.np, इमेल : info@kushmamun.gov.np

सोचका साथ अगाडी वढ्ने प्रयास गरिएको भएता पनि सरकारी भवन उपलब्ध हुन नसकेपछी नयाँ भाडाको भवनमा कार्यालय सार्ने कार्य प्रकृयामा रहेको समेत जानाकारी गराउन चाहन्छौ । रातदिन गरी नगरवासीको सेवा प्रवाहमा खटिइ नगरलाई संकटवाट जोगाउने कर्मचारीहरुलाई अनाहकमा दोषारोपण गरी इमान्दार कर्मचारीको तेजोवध गर्ने दुस्साहस प्रति खेद ब्यक्त गर्दछौ । साथै उक्त लान्छना प्रमाणित गर्न चुनौती समेत दिन चाहन्छौ ।

नगरपालिकाको वजेट १ अर्व २० करोड १७ लाख भनी समाचार सम्प्रषण भएको पाईएकोमा गत आ.व. को यस नगरपालिकाको कुल वजेट जम्मा ६३ करोड मात्र रहेको पनि जानाकारी गराउन चाहन्छौ । वेरुजुको सम्वन्धमा महालेखा परिक्षकको कार्यालयवाट अन्तिम रिपोर्ट नआइ सकेको र प्रारम्भिक रिपोर्ट अनुसार असुल उपर गर्नुपर्ने वेरुजु रकम २ लाख ६९ हजार मात्र रहेको छ ।उक्त अंक तुलनात्मक रुपमा निकै न्यून रहेको र यसवाट कुश्मा नगरपालिका धेरै राम्रो अवस्थामा रहेको पनि स्पष्ट हुन आउँछ ।

जहाँसम्म मोटरसाइकलको सवाल छ, वडा कार्यालयहरुलाई १/१ वटा उपलब्ध गराएको र निर्णय अनुसार इन्धन उपलब्ध गराइएको हो । कर वढाएको भन्ने सन्दर्भमा कुश्मा नगरपालिका करको दर नवढाई दायरा मात्र वढाउने अभियानमा रहेकोले कर वढाइएको छैन । वरु करको दायरामा समेटिनुपर्ने तर नसमेटिएका करदाताहरुलाई समेट्न तिर लागेको छ । अस्ति मात्रै सम्पन्न नगरसभावाट नगरवासीको हितमा हुने गरी गत श्रावण देखि चैत्र मसान्त सम्मको फोहोर ब्यवस्थापन शुल्कमा पुरै छुट दिइ वैसाख देखि मात्रै लागु गर्ने निर्णय भएको छ । कुश्मा नगरपालिकाको वारेमा यथार्थता नवुझी नियोजित रुपमा प्रकाशित हुने यस्ता समाचार प्रति सजग रहन र यथार्थता वुझेरमात्र कमेन्ट गरिदिनुहुन समेत अनुरोध गर्दछौ ।

अन्त्यमा, मेरो १८ महिनाको अवधिमा सम्पुर्ण पदाधिकारीहरुवाट भएको सहयोग, समन्वय र सहकार्य प्रति आभार ब्यक्त गर्न चाहन्छु । सम्पुर्ण कर्मचारी साथीहरुवाट आ-आफ्नो जिम्मेवारी जुन किसिमले निर्वाह गर्नुभयो त्यसको लागि हृदय देखि नै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि आफ्नो कर्तब्य पालनामा कत्तिपनी विचलित नभई संस्थागत विकास र समग्र नगरको समृद्दि लागि पर्नुहुने नै छ । यस अवधीमा सम्पुर्ण नगरवासीहरुवाट पाएको साथ, सहयोग, माया, ममता प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

सुवास कुमार लामिछाने
प्रमुख प्रशासकीय अधिकृत